नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ, धनुषा

फो.नं.:०४१-४२६४०४
इमेल:pmamp.piu.dhanusa@gmail.com

## न्यूनतम समर्थन मुल्यमा धान खरिद गर्न सूचिकृत हुने सम्बन्धमा ।

प्रथम पटक सूचना प्रकाशित मिति :२०७८/०८/१०

श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरवार काठमाडौंको प.सं. ०७८/७९, च.नं.११ मिति २०७८/०६/११ को प्राप्त पत्र तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाए, खुमलटार ललितपुरको प.सं. २०७८/७९, च.नं.१३८ मिति २०७८/०६/१४ को प्राप्त पत्रानुसार "न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७" बमोजिम यस धनुषा जिल्ला अन्तर्गतका किसान तथा उत्पादकबाट न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न चाहने इच्छुक साना किसान/कृषि सहकारी संस्थाहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित मिति २०७८/०८/२४ गते भित्र कार्यालय समयमा यस परियोजना कार्यान्वयन इकाईमा सूचिकृत हुन यो १५(पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

१. निवदेन साथ सहकारी संस्था दर्ता तथा नवीकरण प्रमाणको प्रतिलिपी ।
२. गत आ.व.को कर चुक्ता प्रमाणपत्र र लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।
३. सम्बन्धित उप.म.न.पा./नगरपालिका/गाउँपालिका/वडा कार्यालयको सिफारिस पत्र ।
४. सहकारी संस्थाको शेयर पूँजि, कारोवार रकम र कार्यक्षेत्रको विवरण ।
५. धान खरिद गर्न चाहको धानको परिमाण र किसिमको विवरण ।
६. धान खरिद गर्न चाहेको स्थानीय तह तथा वडा समेत खुल्ने गरी इच्छुक क्षेत्रको विवरण ।
७. धान खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको श्रोतको विवरण ।
८. खरिद गरेको धान भण्डारण, प्रशोधन एवम् बजार व्ययवस्थापन सम्बन्धी विवरण ।
९. धान खरिद, ढुवानी भण्डारण तथा व्यवस्थापन, प्रशोधन एवम् बजार व्यवस्थापन सम्बन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्बन्धी विवरण र
१०. धान खरिद विक्रिको लागि आवश्यक पर्ने अन्य विवरण ।

.............................
युगल किशोर तिवारी
वरिष्ठ कृषि अधिकृत

विस्तृत जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ, धनुषा जनकपुरधाममा सर्म्पक राख्न हुन अनुरोध छ ।
सम्पर्क नं. ०४१-४२६४०४, ९८१७६६७३५५,९८५४०२००५३